नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मोरङ, विराटनगर

# कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर राखी जिल्ला प्रशासन कार्यालय, मोरङ्गका प्रमुख जिल्ला अधिकारी कोशहरि निरौलाबाट जारी निषेधाज्ञा आदेश

मोरङ्ग जिल्लामा कोरोना भाइरस (COVID-19) को संक्रमणको दोश्रो लहरको नयाँ कोभिड भेरिएन्ट दैनिक रुपमा बढी रहेको छ । विराटनगर महानगरपालिका लगायत जिल्लाका सबै पालिकाहरुमा यसको सघन विस्तार भएको तथा कोभिडका कारण नागरिकको दैनिक मृत्यु समेत भैरहेको छ । हाल कोभिडको संख्या तथा विस्तारको क्रम केही मत्थर भएता पनि पूर्णरुपमा नियन्त्रण भैनसकेको र सङ्क्रमण पुनः फैलन सक्ने सम्भावना कायम रहेको छ । कोभिड संक्रमणको रोकथाम र नियन्त्रण गरी नागरिकको जीवन रक्षाका लागि थप उपायहरु अवलम्वन गर्नु वाञ्छनीय भएको हुँदा कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा (४) र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) बमोजिम मोरङ जिल्लाभर मिति २०७८।३।२९ गते बिहान ००:०१ बजेदेखि २०७८/०४/०७ गते राती १२:०० बजेसम्म लागू हुने गरी देहायका आदेशहरु जारी गरेको छु ।

## तपसिल

### (क) निषेधाज्ञामा गर्न नपाउने कार्यहरु

- गुद्री बजार, हाट बजार, सब्जीमण्डी, पार्टी प्यालेस संचालन नगर्ने ।
- जिमखाना, स्वीमिङ पुल, सिनेमा हल, व्यायामशाला, फुटसल, रंगशाला, कभर्ड हल हाललाई सञ्चालन नगर्ने ।
- दैनिक रुपमा गरिने नित्य, पूजा, प्रार्थना वाहेकका धार्मिक तथा सांस्कृतिक कार्यहरु, मेला, चाड/पर्व, जात्रा, हाट/बजार, महोत्सव, भेला तथा अन्य सामूहिक गतिविधिहरु नगर्ने, नगराउने ।
- कुनै पनि स्थानमा जम्मा भई कुनै पनि प्रकारका भेला, जुलुस, सम्मेलन, छलफल, गोष्ठी, सेमिनार जस्ता भिडभाड हुने कार्य नगर्ने, नगराउने ।
- जिल्ला भरिका सबै स्थानमा बेलुका ८:०० वजेदेखि विहान ५:०० बजे सम्म हिडडुल गर्न नपाईने ।
- सबै विद्यालय, क्याम्पस, ट्युसन सेन्टर, कोचिङ्ग सेन्टर, विश्वविद्यालयहरु संचालन नगर्ने ।
- अन्तर्राष्ट्रिय सीमा नाकाबाट विदेशी नागरिकको प्रवेश निषेध गर्ने ।
- यो आदेश जारी रहुन्जेलसम्म समूह जमघट भै गरिने विवाह तथा ब्रतबन्ध जस्ता सामाजिक कार्यहरु पनि नगर्ने नगराउने ।

### (ख) निषेधाज्ञामा गर्न पाउने कार्यहरु

- भौतिक दूरी कायम गरी, मास्क, सेनिटाइजर र व्यक्तिगत स्वास्थ्य सुरक्षा सामाग्री प्रयोग गरी तथा तोकिएको मापदण्ड प्रयोग गरी खाद्यवस्तु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल, खानेपानी, माछामासु, विद्यालयका पुस्तक बिक्री वितरण गर्ने पुस्तक पसल, कपडा पसल, सुन चाँदी पसल, सार्वजनिक निर्माणमा प्रयोग हुने छड, सिमेन्ट, डण्डी, विद्युतीय सामाग्री विक्री गर्ने पसल लगायत सबै प्रकारका पसल, व्यवसायहरु बेलुका ८:०० बजेसम्म संचालन गर्ने । दुध तथा दुधजन्य पदार्थ बिक्री गर्ने डेरी पसल बिहान नियमित सञ्चालन गर्न पाइने ।
- वस्तु तथा सेवाको अनलाइन अर्डर गरी होम डेलिभरी सेवाका कार्य गर्न पाउने ।
- सरकारी कार्यालयहरुले कार्यालयमा भिडभाड नहुने गरी नियमित सेवा प्रवाह गर्ने ।

प्रमुख जिल्ला अधिकारी

स्वास्थ्य मापदण्ड पालना गरी होटेल, मोटेल, रेष्टुरेन्टहरु नियमित सञ्चालन हुने तर सेमिनार, सभा, सम्मेलन गोष्ठी, विवाह, पार्टी, व्रतबन्ध, भेला कार्यक्रम जस्ता समूह भेला हुने गरी कार्यक्रम गर्न नपाउने ।

- निजी तथा भाडाका बस, जीप, भ्यान, टेम्पु, ट्याक्सी, ३ पाङ्ग्रे सिटी सफारी र इ रिक्साहरु जिल्ला भित्र सञ्चालन पाउने ।
- **माथि प्रकरण क** मा उल्लेख भएका बाहेक अन्य कामहरु भौतिक दूरी कायम गरी, मास्क, सेनिटाइजर र व्यक्तिगत स्वास्थ्य सुरक्षा सामाग्री तथा तोकिएको मापदण्ड प्रयोग गरी सञ्चालन गर्न सकिनेछ ।

## (ग) अन्य व्यवस्थाहरु

- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट सञ्चालित सार्वजनिक निर्माणका कार्यहरु तथा यस प्रयोजनका लागि प्रयोग हुने ट्रक डोजर लोडर ट्रयाक्टर ढुंगा, गिट्टी, बालुवा बोक्ने ट्रिपरहरु निर्वाध संचालन गर्न दिने ।
- मजदुर/कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्णरुपमा पालना गर्न लगाइ उद्योग / व्यवसाय सञ्चालन गर्ने ।
- बैंक तथा वित्तीय संस्था/बिमाहरुले नियमित सेवा प्रदान गर्ने । भीडभाडलाई कम गर्न सकेसम्म On-Call Service, ATM तथा Online Banking सेवा प्रवाह व्यवस्थित गर्ने । बैंक बाहेक अन्य बित्तीय संस्था, सहकारी, मनी ट्रान्सफरहरु पनि कम भीडभाड हुने गरी सञ्चालन गर्ने । बैंक तथा बित्तीय संस्थाका ATM काउन्टरहरु २४ सै घण्टा खुला रहने ।
- ICP बाट हुने निकासी, पैठारी र नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ बमोजिम छिमेकी मित्रराष्ट्र भारतबाट नेपाल आउने नेपाली नागरिकलाई रानी नाकाबाट मात्र प्रवेश गर्न दिने । ICP बाट आएका मालबाहक ट्रकलाई उद्योग परिसर बाहेक बाटोमा अन्यत्र नरोक्ने । यस्ता मालबाहक सवारी साधनहरुलाई उद्योगमा अनिवार्य रुपमा निसंक्रमण गर्ने ।

## (घ) कानूनी कारवाही हुने

- अत्यावश्यक उपभोग्य बस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यबृद्धि गर्ने, जम्माखोरी गर्ने, वा लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर प्रचलित कानून बमोजिम कारवाही हुने ।
- आदेशको उल्लंघन गरेमा वा अवज्ञा गरी सवारी चलाउने, पसल संचालन गर्ने, भीडभाड गर्ने, हिड्डुल गर्ने तथा यस्तै अन्य कार्य गरेमा कोभिड -१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा १९ वा २१ वा २२ वा २४ वा अन्य प्रचलित कानून बमोजिम कारबाही तथा जरिवाना गरिनेछ ।

उल्लिखित आदेश पालना गरी कोभिड संक्रमण नियन्त्रण तथा रोकथाम गर्न सबै क्षेत्रबाट महत्वपूर्ण साथ र सहयोग हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

मितिः २०७८।३।२८ गते सोमबार ।

..................

(कोशहरि निरौला)

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी